# समाज कल्याण परिषद

पत्र संख्या
च. नं.

केन्द्रीय कार्यालय
हरिहरभवन
ललितपुर, नेपाल

## प्रेस विज्ञप्ति

मिति : २०८३।०५।१७

मिति २०८३।०५।१० मा नेपाल-चीन सीमानास्थित भोटेकोशी-ल्हेन्दे खोलामा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ्ग लगायतका विभिन्न जिल्लाहरुमा ठूलो मानवीय र भौतिक सम्पत्ति/संरचनाको क्षति भई परिषद्बाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्थाहरुलाई तत्काल आवश्यक उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउन आव्हान भै संघसंस्थाहरु परिचालन भएको अवगतै छ ।

बाढीबाट पीडित तथा प्रभावितहरुको उद्धार, राहत वितरण एवम् अन्य मानवीय सहयोग गरेको भनी विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालका विभिन्न प्लेटफर्म मार्फत पीडितहरुको आत्मसम्मान, मर्यादा र गोपनीयताको ख्याल नगरी सामाजिक प्रतिष्ठा प्रतिकुल हुनेगरी श्रव्य, दृष्य र तस्विरहरु सम्प्रेषण भई रहेको प्रति यस परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ । विपद्मा परेका नागरिकलाई राहत तथा मानवीय सामग्री वितरण गर्दा राहत सामग्री वितरण सम्बन्धी आचारसंहिता पालना गर्न, पीडा थपिने गरी पीडितहरुको अनुमति विना निजहरुको फोटो, भिडियो नखिच्न तथा धार्मिक/व्यवसायिक प्रकृतिको फोटो, लोगो वा अन्य सङ्केत र प्रचारात्मक सामग्री नराख्न/प्रकाशन सम्प्रेषण नगर्न/नगराउन सम्बन्धित सवैमा हार्दिक अनुरोध गरिएको छ ।

समाज कल्याण परिषद्
हरिहरभवन, ललितपुर ।



पोष्ट बक्स नं. २९४८, काठमाडौं, नेपाल, फ्याक्स नं.: ९७७-०१-५४५५७७८
टेलिफोन नं. ०१-५४५५४४८, ०१-५४५५४९४, ०१-५४५५४९५, ईमेल: info@swc.org.np, Website: www.swc.org.np